का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१३
❒ १ असोज २०७८, शुक्रबार
❒ 17 September 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



कैलालीसँगै सिमा जोडिएको कञ्चनपुरको गौरीफन्टा नाका भएर रोजगारीका लागि भारत जान लागेका सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका नेपालीहरु । तस्वीर : तिलकराज ओझा,रासस

# विरोधमा जनता समर्थनमा नेता

> अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को विरोधमा सडक प्रदर्शन बेलाबेला भइरहेपनि अधिकांश नेताहरु अनुमोदनको पक्षमा देखिन्छन् । तर खुलेर समर्थन गर्न सक्दैनन् ।




**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

दुई वर्षयता अमेरिक सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) राष्ट्रिय राजनीतिको महत्वपूर्ण छलफलको विषय बनेको छ । यो परियोजनाको विवाद चर्किंदै जाँदा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नै विभाजन भएको थियो ।

पुष्पकमल दाहाल प्रचण्ड र माधव नेपाल सहित नेताहरु संशोधन नगरी एमसीसी पारित गराउने पक्षमा थिएनन् । नेकपाको केन्द्रीय कमिटी बैठकले कार्यदल बनाएर एमसीसी संशोधन सहित पारित गराउनुपर्ने निष्कर्ष निकालेको थियो । तर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली भने एमसीसी पारित गराउनुपर्ने अडानमा रहे । यसले नेकपा नै विभाजित भयो ।

अहिले एमाले विपक्षमा छ । तर ओलीले भने एमसीसीका उपाध्यक्ष फातिमा सुमारलाई एमसीसीबारे पहिले सत्तारुढ निर्णय कुर्ने बताए । अर्थात् ओली अनुमोदनको पक्षमा फेरि पनि उभिन सक्छन् । प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले एमसीसीबारे नबुझ्नेहरुलाई नबोल्न निर्देशन दिएका थिए । अर्थात् विरोध भएको देउवा चाहँदैनन् । किनकि काँग्रेसका जति नेताले एमसीसीबारे बोलेका छन्, उनीहरु अनुमोदनको पक्षमा छन् ।

पूर्वअर्थमन्त्री डा रामशरण महत एमसीसी नेपालको अत्यावश्यकता भएको बताउँछन् । यसलाई अमेरिकाको सैन्य रणनीतिसँग तुलना गरेर अभिव्यक्ति दिनु भनेको दुस्प्रचार बाहेक अरु नभएको उनको तर्क छ । अर्का, काँग्रेस नेता पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशशरण महत विकास निर्माण र नेपाललाई दाताहरुले दिने अनुदान सहयोगमा पनि सरकारमा छँदा एउटा र प्रतिपक्षमा पुग्दा अर्कै धारणा राख्नु दुःखद भएको बताउँछन् । "हामी कुनै पनि देशको सहयोग अनुदान लिन्नौं भन्न सक्छौं त ? सक्दैनौं', उनी भन्छन् ।

जनता समाजवादी पार्टी (जसपा) संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई पनि सर्वदलीय सहमति जुटाएर यो परियोजना पास गर्नुपर्ने बताउँछन् । पहिलेबाटै प्रधानमन्त्री देउवा एमसीसीकै पक्षमा थिए । तर सत्ता साझेदार दल माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) का नेताहरु संशोधन बिना अनुमोदन गराउने पक्षमा नदेखिएपछि प्रधानमन्त्री देउवा खुलेर बोल्न सकिरहेका छैनन् । तर एमसीसीको विपक्षमा राजधानी उपत्यका सहित देशका प्रमुख शहरहरुमा यसअघिबाटै सडक प्रदर्शन गर्दै आएका छन् ।

# नागरिकलाई बन्देज दलहरूलाई छुट !

स्थानीय प्रशासनले चाडपर्व समेत सांकेतिक रुपमा मनाउन आग्रह गर्दै भीडजन्य गतिविधिमा रोक लगाइरहँदा राजनीतिक सभाहरू भने निर्वाध चलिरहेको छ । जबकी कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या एघार हजार नाघेको छ ।



नेकपा एमाले बाग्लुङले बिहीबार गरेको जिल्ला भेलाका सहभागी ।
-तस्वीरः खेमराज गौतम, रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ भदौ

प्रमुख विपक्षी दल नेकपा एमालेले देशभर सभा गरिरहेको छ । प्रज्ञा भवनमा बिहीबार जिल्ला स्तरीय कार्यकर्ता भेला गरेको थियो । भेलालाई पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली, बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, एमाले महासचिव ईश्वर पोखरेल, स्थायी कमिटी सदस्य एवम् पूर्व गृहमन्त्री रामबहादुर थापा बादल लगायतले सम्बोधन गरे ।

शीर्ष नेताहरु आउने भएपछि प्रज्ञा भवन कार्यकर्ताले भरिएका थिए । यस्तै भेला लगातार हुने पनि अध्यक्ष ओलीले उद्घोष गरे । यसअघि ओलीले पोखरा, बुटवल र झापामा पनि यस्तै ठूलो भेला गरिसकेका छन् । गएको पुस-माघ पनि ओली देशभर यस्तै सभा लिएर पुगेका थिए । त्यसबेला ओली प्रधानमन्त्री थिए । अर्कातिर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल पक्षले पनि राजधानी उपत्यका सहित देशभर सभा तथा जुलुस गरे । ओलीले पनि काउण्टरमा भेला गरे ।

त्यसबेला जस्तै अहिले पनि कोरोना महामारीको त्रासदी उस्तै छ । तर अहिले पनि त्यसबेला जस्तै सभा रोकिएका छैनन् । ओलीको प्रज्ञा भवनमा सभा भइरहँदा उपत्यकाका तीन जिल्लाका प्रमुख जिल्ला बाँकी पृष्ठ २ मा

# मृतक संख्या एघार हजार नाघ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौं ।

विश्वव्यापी कोरोना महामारीको संक्रमणबाट ज्यान गुमाउने संख्या एघार हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार, बिहीबार थप एघार जनाको मृत्यु भयो । यो सहित संक्रमणबाट मृत्यु हुने संख्या एक हजार दुई जना पुगेको हो ।

बिहीबार थप एक हजार १६५ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । यो सहित संक्रमित संख्या सात लाख ८१ हजार ९८९ पुगेको छ । बिहीबार एक हजार ६८९ जना निको भए । निको हुने संख्या भने सात लाख ४५ हजार २१५ पुगेको छ । अझै पनि २५ हजार बढी संक्रमित उपचारका क्रममा छन् ।

> विश्वव्यापी कोरोना महामारीको संक्रमणबाट ज्यान गुमाउनेको संख्या एघार हजार नाघेको छ । बिहीबार थप एघार जनाको मृत्यु भएपछि मृतक संख्या एघार हजार नाघेको हो ।

संक्रमणको खतरा उस्तै रहेपछि बिहीबार काठमाडौं जिल्ला प्रशासनले सांकेतिक रुपमा चाडपर्व मनाउन आग्रह गरेको छ । यस्तै काठमाडौं उपत्यकामा यसअघि (भदौ १७ मा) जारी निषेधाज्ञालाई असोज १ पछि पनि कायमै राखिएको छ ।

उपत्यकाका तीनै जिल्ला प्रशासन कार्यालयका अधिकारीको समन्वय र सहमतिमा अर्को सूचना जारी नभएसम्मका उक्त आदेश कायमै रहने गरी निषेधाज्ञा जारी गरिएको काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरेले बताए ।

स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरी आर्थिक गतिविधिलगायत क्रियाकलाप सञ्चालन गर्न सक्नेगरी यसअघि नै आदेश जारी गरिएको थियो । आदेशमा अनावश्यकरुपमा मानिस जम्मा हुन, भिडभाड गर्न, सभा, जुलुस गर्न, जात्रा महोत्सव तथा भोज आदि गर्न/गराउन नपाउने उल्लेख छ । आदेशानुसार स्थानीय ढुवानी बिहान ९ देखि ११ र बाँकी पृष्ठ २ मा

# मलेसियामा कम्पनी छोडाउने गिरोह सक्रिय

**प्रकाश भुसाल/मध्यान्ह**
मलेसिया, ३१ भदौ

मलेसियामा नेपाली कामदारलाई ललाई फकाई कम्पनी परिवर्तन गराउने क्रम पुनः बढेको छ । नेपालबाट गएको रोजगारदाता छाडेर भाग्ने नेपाली कामदारको संख्या दैनिकरूपमा बढ्दै गएको विभिन्न स्रोतले बताएका छन् ।

कोरोना भाइरस संक्रमणको समयमा रोजगारदाताले समयमा तलब नदिने, विभिन्न बहानामा तलब काट्ने, तलब माग्दा मानसिक तनाव दिने जस्ता समस्याबाट नेपाली कामदार पीडित हुने गरेका छन् ।

कतिपय कामदार रोजगारदाताको विभेद सहन नसकेर बाध्यताले कम्पनी छाडेर भाग्ने तर धेरैजसो कामदार विचौलियाहरूको अनुचित प्रलोभनको प्रभावमा परेर कम्पनी छाड्ने क्रम बढेको

## वैदेशिक रोजगार विशेष

बताइएको छ । विचौलियाले शुरूमा अन्यत्र आकर्षक रोजगारी दिने भनेर कम्पनी छोडाउने र पछि रोजगारी पाइएन भनी नेपाल पठाउन भन्दै ट्राभल डकुमेन्ट बनाउने बहानामा ठग्ने गरेको स्वदेश फर्किएका नेपालीहरूले बताउँदै आएका छन् ।

मलेसियाको रावाङ भन्ने ठाउँमा रहेको जुली इम्पोर्ट एण्ड एक्स्पोर्टको एसडिएन विएचडी कम्पनी छाडेर भागेका तीन जना नेपाली कामदारलाई मलेसियाको एक कम्पनीले खोजी गर्न स्थानीय प्रहरी चौकीमा उजुरी दर्ता गराएको छ । कृष्णबहादुर बम्जन, अजबलाल राउत र कृति चौधरी नामका नेपाली कामदार कम्पनी छोडेर बेपत्ता भएपछि कम्पनी प्रतिनिधि प्रहरी चौकीमा गएको बताइएको छ । दुई वर्षदेखि कार्यरत उनीहरू सेप्टेम्बर महिनादेखि बेपत्ता भएका थिए ।

उता मलेसियामा कोरोना भाइरस सक्रमणबाट एकै कम्पनीमा कार्यरत दुई जना नेपाली श्रमिकहरुको ५ घण्टाको समयावधिको फरकमा मृत्यु भएको छ । दार्चुला कौटे घर भई मेलेसियाको केलागमा रहेको एक सेक्युरिटी कम्पनीमा कार्यरत प्रेम सिंह बडाल र हर्कबहादुर घलेको मृत्यु भएको हो ।



# गाईको संरक्षणसँगै धार्मिक पर्यटनसँग जोडिँदै रामपुर नगर गौशाला

सुशीला रेग्मी/मध्यान्ह
रामपुर (पाल्पा), ३१ भदौ



घरमा पालिएका गाईले उत्पादन दिन छाडेसँगै हेलत्व बनेका गाईको संरक्षणमा जुटेको रामपुर नगरपालिका यतिखेर अरुका लागि पनि अनुकरणीय बनेको छ । हिन्दु धर्मग्रन्थमा लक्ष्मीका रुपमा मानिने र मानिसका जन्म र मृत्यु संस्कारमा अत्यावश्यक गाईको संरक्षणका लागि नगरपालिकाले गौशाला सञ्चालनमा ल्याएको हो ।

कालीगण्डकी तटमा अवस्थित तातोपानीधाम लक्ष्मीनारायण मन्दिर अगाडि करिब सात रोपनी क्षेत्रफलमा पक्की पर्खालले घेराबार गरी व्यवस्थित तरिकाले गाई संरक्षण भइरहेको छ। गौशाला सञ्चालनमा आएसँगै यो क्षेत्र धार्मिक पर्यटकीय क्षेत्रका रुपमा परिचित छ। कालीगण्डकी नदी स्नान गरी यहाँ रहेको लक्ष्मीनायण मन्दिर तथा गौशालाको दर्शन गर्नेको चहलपहल बढ्दो छ। विशेषगरी यहाँ विभिन्न धार्मिक कार्यमा गौशाला प्रयोगमा आएपछि अवलोकन गर्न आउनेको संख्या धेरै भेटिन्छ ।

भौगोलिक हिसावले पनि अति उत्तम रहेको यस क्षेत्रमा गौशाला प्रयोगमा आएपछि धार्मिक तीर्थालु बढ्दै गएको पाइएको छ । कालीगण्डकीको रमणीय दृश्यसँगै रमाउँदै गौशाला अवलोकन गर्ने युवापुस्ताको पनि उपस्थिति राम्रै छ । रामपुरमा विभिन्न ठाउँबाट छाडा छाडिएका गाई भित्रिएर खेतबारीका बालीनाली खाएर सखापै पारेर स्थानीयलाई हैरानी बनाएको थियो। यत्रतत्र छरिएर दिनहुँ समुहमा १०-१५ वटा छाडा गाई किसानको खेतबारीमा पसेर एकै पटक बालिनाली नै सखापै पार्ने गरेको थियो। उत्पादन लिने बेला भएका तरकारी, अन्नबाली छाडा पशु चौपायाले खाएर लगानी नै उठाउनै नसकिएको अवस्था पनि किसानले भोग्नुपर्‍यो ।

अहिले व्यवस्थितरुपमा गौशाला निर्माण गरी गाई व्यवस्थापन गरिएपछि छाडा गाईको समस्याबाट स्थानीय मुक्त भएको गौशाला भवन निर्माण समितिका संस्थापक अध्यक्ष ओमप्रकाश रेग्मीले बताए ।

उनी भन्छन्, 'समुह बनेर आएका छाडा पशु चौपायाले खेतबारीमा पसेर बालीनाली नै सखापै बनाउँथ्यो, छाडा पशु चौपायाको आतङ्कले खेतबारीका तरकारी, अन्नबाली, फलफूल खाएर उत्पादन पनि लिन पाइने नपाइने पिरलोले सताउँथ्यो, अब व्यवस्थित रुपमा गौशाला तयार गरी गाई बाँध्न थालेपछि छाडा पशु चौपायाको समस्या टरेको छ।'

हाल यहाँ समितिको मातहतमा १४० गाई छन् । जसमध्ये ३० गाई स्थानीयले शौखका रुपमा घरमा लगेर पाल्न थालेका छन् । तीन वटा गोठको संरचनामध्ये दुई वटामा गाई बाँधिएको छ भने एक वटा दानापानी, पशुआहार व्यवस्थापन गरिएको छ । हाल ११० गाई रहेपनि १५० सम्म गाई अट्ने संरचना निर्माण गरिएको छ । अहिलेसम्म धेरैमा १६० गाईसम्म समितिले व्यवस्थापन गरेको छ ।

विसं २०७६ को फागुन ९ गते शिवरात्री पर्वको अवसर पारी ७५ वटा गाई गौशालामा बाँध्न थालिएको हो । फागुन १२ देखि २० गतेसम्म सञ्चालन गरिएको गौ संरक्षण तथा गौशाला व्यवस्थापन सहयोगार्थ श्रीमद् भागवत धनधाञ्याञ्चल ज्ञान महायज्ञबाट नगद रु ५० लाख, जग्गा तथा जिन्सी रु एक करोड गरी जम्मा रु एक करोड ५० लाख सहयोग जुटेको छ ।

गौशाला निर्माणका लागि रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०७५/०७६ मा रु २० लाख, आ.व.०७६/०७७ मा रु २५ लाख, आ.व.०७७/०७८ मा रु २५ लाख, लुम्बिनी प्रदेश सरकारबाट आ.व. ०७७/०७८ मा रु सात लाख र पतञ्जली योग पिठद्वारा रु ११ लाख सहयोग प्राप्त रकमबाट विभिन्न भौतिक संरचना निर्माण गरिएको व्यवस्थापक निलकण्ठ भण्डारीले बताए ।

उनका अनुसार गाईको मलबाट हालसम्म रु दुई लाख ३८ हजार आम्दानी भएको छ भने जन्मदिनको उपलक्ष्यमा, वैतर्णी दान, पितृतिथीबाट पनि सहयोग रकम जुटेको छ। गाईको संख्या बढी रहेको हुदा सबैलाई व्यवस्थापन गर्न भने चुनौती थपिएको छ । पशुआहार, कुपोषण र किरा अटेर्नाको समस्या छ । 'धेरै गाईलाई व्यवस्थापन गर्न समस्या परेको छ, दिनभर चरनका लागि अन्यत्र लगिन्छ, बिहान साँझ पराल, दाना, चोकर खुवाउन समस्या नै छ, सानो सानो सहयोग पनि जुटिरहेको छ तर दैनिक पशु आहारमा धेरै खर्च हुने हुदा व्यवस्थापनमा सकस छ,' व्यस्थापक भण्डारीले भने ।

छाडा छाडिएका गाईलाई व्यवस्थापन गर्न, धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गौशाला सञ्चालनमा ल्याइएको गौशाला व्यवस्थापन समितिका अध्यक्ष तथा रामपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हुमनाथ न्यौपाने बताउँछन्। नगरपालिकाले मात्रै खर्च व्यवस्थापन गर्न नसक्दा पशु आहारमा समस्या परेको अध्यक्ष न्यौपानेको भनाइ छ ।

गाई व्यवस्थापनका लागि एक जना व्यवस्थापक सहित पाँच हेरालु राखिएको छ। रामपुर नगरपालिका वडा नं ६ विजयपुर बजारमा केही समय छाडा छाडिएका गाई अस्थायी टहरा बनाएर व्यवस्थापन गरिएको थियो । गौशालामा संरचना तयार भएपछि व्यवस्थित रुपमा गाई बाँध्न थालियो । गौशाला व्यवस्थापन समितिले रु पाँच हजार एक सय शुल्क तिरेर आजीवन सदस्यता प्रदान गर्ने गरेको जनाएको छ । आजिवन सदस्यता लिएका व्यक्तिका परिवारबाट ल्याइएका गाईलाई गौशालामा समितिले राख्ने गरेको छ ।

आजीवन सदस्यता लिएका व्यक्तिबाट आएका गाईलाई एक गाई बराबर रु तीन हजार शुल्क तिरेर लिने नियम छ। समितिले अहिलेसम्म विभिन्न ठाउँबाट ल्याइएका गाईलाई गौशालामा व्यवस्थापन गर्दै आएको छ । आजिवन सदस्यता लिई गाई ल्याउने परिवार ३६ छन् ।

### तातोपानीधामको महत्व

कालीगण्डकीको तटमा अवस्थित यस तातोपानीधाम पर्छ । यहाँ एउटा पुरानो तातोपानी मूल छ । परापूर्वकाल देखि यहाँ तातोपानी मूलमा आउने पानी जाडो महिनामा तातो हुने, गर्मी महिनामा चिसो हुने भएकाले यस ठाउँको नाम तातोपानी रहन गएको हो ।

विसं २०२८ मा खगेन्द्र कंडेल (आमाजी) द्धारा वैष्णव त्रिवेणीबाट सञ्चालित लक्ष्मीनारायण मन्दिर स्थापना गरी यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गरिन थालियो । लक्ष्मीनारायण मन्दिरको नाममा मन्दिर परिषरमा दश रोपनी जग्गा र चौध रोपनी खेत (गुठी) छ ।

पवित्र कालीगण्डकी नदी संगै जोडिएको यस लक्ष्मीनारायण मन्दिर, गौशालाले रामपुरको धार्मिक पर्यटन विकास हुँदै गएको मन्दिर व्यवस्थापन सञ्चालक समितिका सदस्य पिताम्वर भण्डारी बताउँछन् ।

'कालीगण्डकी स्नान गरी लक्ष्मीनारायण मन्दिरमा पुजाआजा, गौशालामा पुगेर गाईको दर्शन गरेर मात्र भक्तजनहरु फर्कनुहुन्छ, गौशाला बनाइएपछि यस क्षेत्रमा धार्मिक चहलपहल बढेको छ,' उनले भने। गौ रक्षका निम्ति यहाँ गौशाला निर्माण गरी गरिएको यस कार्य उदाहरणिय बनेको छ ।

### गाईको महत्व

गाई हिन्दुहरुको पवित्र र पुण्य जनावर हो । हिन्दुहरुका कर्मकाण्डहरुमा गाईको गोबर, मूत्र र दूधलाई अनिवार्य रुपमा प्रयोग गरिन्छ। शुद्ध शक्तिका लागि गाईबाट प्राप्त हुने यस्ता वस्तुहरुको महत्व ठूलो रहेको छ । नेपालमा पाइने गाईको दूध, गहुँत र गोवरलाई वैज्ञानिक अध्ययन अनुसन्धानले पनि पवित्र र शुद्ध छानेको हुनाले गाईलाई नेपाली धर्म संस्कारमा गौमाता भनेर पूजिने गरिएको छ ।

जैविक, साँस्कृतिक, धार्मिक र आध्यात्मिक सबै रुपमा गाई अत्यन्त उपयोगी जनावर हुन् । त्यसले आदिमकालदेखि नै मानिसहरु गाईलाई बहुगुणी जनावरका रुपमा मान्दै आएको हुनाले गाईको महत्व बढ्दै गएको गौशाला व्यवस्थापन समितिका सल्लाहकार तथा रामतुलसी माविका शिक्षक लेखनाथ शर्मा मरासिनी बताउँछन् ।

गाई रक्षा र गौ-पालनलाई संघीय, प्रदेश र स्थानीय सरकारबाट राष्ट्रिय जनावर गाईको महत्व, आवश्यकता प्रवर्द्धन गर्न विशेष योजना बनाएर सहयोग पुर्‍याउनुपर्ने उनको भनाइ छ। अनेकन खालका विकासका नाममा नेपाली स्थानीय जातका गाईको महत्वलाई नबुझ्रेर संरक्षण गर्न, पालन गर्न नचाहनेको संख्या धेरै बढ्दै गए । त्यसकारण गाईको अपार गुण र महिमालाई कायम राखी अझ बृद्धि गर्न, गाईको दीगो संरक्षणका लागि पवित्र कृष्ण गण्डकीको किनारमा कालीगण्डकीको उपत्यकाको समेत महिमा बढाउने गरी स्थानीय नगरपालिका, गौ-रक्षामा लागेका व्यक्तित्वहरु, विभिन्न तह तथा संघ संस्थाको सहयोगमा गाईको रक्षार्थ गौशाला निर्माण गरिएको हो ।

# प्रतिवेदन सार्वजनिक गर्न माग

**काठमाडौं/मस-** नेपाल आदिवासी जनजाति महासंघले भाषा आयोगले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न माग गरेको छ । महासंघले भाषा आयोगले २१ भदौ २०७८ मा प्रधानमन्त्रीसमक्ष पेश गरेको सातै प्रदेशमा सरकारी कामकाजको भाषाका आधारको निर्धारण तथा भाषासम्बन्धी सिफारिसप्रति आपत्ति जनाउँदै प्रतिवेदन सार्वजनिक गर्नपर्ने माग गरेको हो ।

'सम्बन्धित आधिकारिक भाषिक संघसंस्थासँग परामर्श र छलफल नगरीकनै सातै प्रदेशमा सरकारी कामकाजको भाषाका आधारको निर्धारण तथा भाषासम्बन्धी सिफारिस गरेकोमा महासंघको आपत्ति छ' अध्यक्ष जगत बरामद्वारा बिहीबार जारी विज्ञप्तिमा भनिएको छ ।

आयोगले ऐतिहासिक महत्वपूर्ण प्रतिवेदनको तयारीको क्रममा नेपालले अनुमोदन गरेको आदिवासीको अधिकारसम्बन्धी आइएलओ महासन्धि नं १६९ र पक्ष राष्ट्र भएको आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७ को मर्म, भावना र सिद्धान्तको अवमूल्यन गरिएको समेत विज्ञप्तिमार्फत जनाएको छ।

'एक प्रतिशतभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा, थोरै जनसंख्याले बोल्ने भाषा र लोपोन्मुख भाषाको सम्बन्धमा केही न केही बोलेको र सिफारिस पनि गरेको देखिए पनि सरकारलाई प्रतिवेदन बुझाएको यत्तिका दिन बितिसक्दा पनि सार्वजनिक नगराउनाले विगतमा झैं षड्यन्त्र भइरहेको त छैन भन्ने प्रश्न उब्जाएको छ' विज्ञप्तिमा भनिएको छ । प्रदेशमा एक प्रतिशतभन्दा बढी वक्ता भएको भाषाको सूचीको आधार, स्थानीय तहको सरकार पालिकामा भाषाको प्रयोगको आधार मातृभाषी समुदायलाई प्रष्ट पार्नपर्ने महासंघको भनाइ छ।

# कार्कीलाई रथीको दर्ज्यानी चिन्ह प्रदान



**काठमाडौं/मस-** प्रधानसेनापति महारथी प्रभुराम शर्माले रथी दर्जामा पदोन्नति भएका उपरथी बालकृष्ण कार्कीलाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन् ।

मन्त्रिपरिषद निर्णयबाट २०७८ भाद्र २९ गते कार्कीलाई रथीमा पदोन्नति गरिएको थियो । बिहीबार जंगी अड्डामा आयोजित एक विशेष कार्यक्रमकाबीच रथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गरिएको हो ।

साथै रथी कार्कीलाई बलाधिकृत रिक्त रहेकाले निमित्तको जिम्मेवारी समेत दिइएको छ । उक्त कार्यक्रममा नेपाली सेनाका रथीबृन्द तथा अधिकृतहरुको उपस्थिति रहेको नेपाली सेनाले जनाएको छ ।

# बाल र मातृ मृत्युदर घट्यो

**काठमाडौं/मस-** नेपालमा परिवार योजनाको कार्यक्रमको प्रभावकारी कार्यान्वयनले १० प्रतिशत बाल मृत्युदर र २० प्रतिशत मातृ मृत्युदर घटेको पाइएको छ। आठौं राष्ट्रिय परिवार नियोजन दिवसका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा सो जानकारी दिइएको हो ।

परिवार कल्याण महाशाखाका प्रमुख डा.विवेककुमार लालले नेपालमा परिवार नियोजनको साधन प्रयोग गरेकाले मृत्युदर घटेको बताए । उनले गुणस्तरीय परिवार योजना सेवाको पहुँचले आमा र बच्चाको स्वास्थ्यमा मात्र नभई सामाजिक तथा विकास क्षेत्रमासमेत सकारात्मक प्रभाव पारेको बताए । सरकारले परिवार योजनामा एक रुपैयाँ खर्च गर्दा स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा ३.१ रुपैयाँ प्रतिफल हुने सरकारको परिवार नियोजन लागत कार्यान्वयन योजनाले प्रक्षेपण गरेको छ ।

सरकारले सबै तहमा स्वास्थ्य सेवा केन्द्र तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित क्लिनिक र औषधि पसलमा गर्भनिरोधका स्थायी/अस्थायी साधन र सेवा उपलब्ध गराउँदै आएको छ । असुरक्षित यौन सम्पर्कका कारण अनिच्छित गर्भ रहने सम्भावना धेरै हुने, यस्तो अवस्थामा असुरक्षित गर्भपतन र असुरक्षित सुत्केरी हुने सम्भावन बढ्छ । यसबाट मातृ तथा शिशुको रुग्णता र मृत्यु हुने सम्भावना पनि बढी हुन्छ । परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख कविता अर्यालले कोभिड-१९ को महामारी र निषेधाज्ञाले परिवार नियोजन सेवाको पहुँच घट्न गई अनिच्छित गर्भ हुनेको संख्या बढेको बताइन् ।

यही असोज २ गते 'कोभिड-१९ को महामारी : परिवार योजना सेवामा सबैको पहुँच बराबरी' भन्ने आर्दश वाक्यका साथ दिवस मनाउन लागिएको छ । नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण-२०१९ अनुसार नेपालमा ४४ प्रतिशत मानिस परिवार नियोजन साधन प्रयोग गर्ने गर्दछन् । दिगो विकासको लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा ६० प्रतिशत साधन प्रयोग गर्ने संख्या पुर्‍याउनुपर्ने हुन्छ ।

आधुनिक परिवार नियोजन साधनको प्रयोग दर सबभन्दा बढी ३५ देखि ४४ वर्ष उमेर समूहमा हुने गरेको छ। परिवार योजना ठिकसँग अपनाउन सकेको खण्डमा आमा, नवशिशु र बालस्वास्थ्यमा सुधार ल्याउन, आर्थिक सुधार गर्न, शिक्षा र रोजगारीको अवसर प्राप्त गर्न, एचआइभी संक्रमण रोकथाम गर्न सकिन्छ ।

### नागरिकलाई ...

अधिकारीहरुको बैठकले उपत्यकामा यसअघि जारी निषेधाज्ञा कायमै राख्ने निर्णय गर्‍यो । बिहीबार नै स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार कोरोना संक्रमणबाट ज्यान गुमाउने संख्या एघार हजार नाघेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार, बिहीबार थप एघार जनाको मृत्यु भयो। यो सहित संक्रमणबाट मृत्यु हुने संख्या एक हजार दुई जना पुगेको हो ।

बिहीबार थप एक हजार १६५ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। यो सहित संक्रमित संख्या सात लाख ८१ हजार ९८९ पुगेको छ । कोरोना संक्रमण उस्तै रहेकाले उपत्यकाका प्रशासनले सांकेतिक रुपमा चाडपर्व मनाउन समेत आग्रह गरेको गर्‍यो।

उपत्यकाका तीनै जिल्ला प्रशासन कार्यालयका अधिकारीको समन्वय र सहमतिमा अर्को सूचना जारी नभएसम्मका उक्त आदेश कायमै रहने गरी निषेधाज्ञा जारी गरिएको काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरेले बताए ।

स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरी आर्थिक गतिविधिलगायत क्रियाकलाप सञ्चालन गर्न सक्नेगरी यसअघि नै आदेश जारी गरिएको थियो । आदेशमा अनावश्यकरुपमा मानिस जम्मा हुन, भिडभाड गर्न, सभा, जुलुस गर्न, जात्रा महोत्सव तथा भोज आदि गर्न/गराउन नपाउने उल्लेख छ ।

तर राजनीतिक नेतृत्वको ध्यान भने उतातिर गएको छैन। सरकारको बेवास्ता अझ उदेक लाग्दो छ । नेपाली काँग्रेसभा सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना भइसक्दा पनि स्वास्थ्य मन्त्री नियुक्त गरेका छैनन् । बिहीबार साँझ पनि सत्ता गठबन्धनका शीर्ष नेताहरुको छलफल भयो । तर मन्त्रिपरिषद् बिस्तारबारे भने फेरि पनि निर्णय लिन सकेन ।

देउवाले सत्ता समीकरणमा शक्ति सन्तुलन मिलाउन नसक्दा १७ मन्त्रालय एक्लै चलाइरहेका छन् । गृहमन्त्री बालकृष्ण खाँण, अर्थमन्त्री जनार्दन शर्मा, कानून मन्त्री ज्ञानेन्द्रबहादुर कार्की र उजामन्त्री पम्फा भुसालले प्रधानमन्त्री देउवासँगै शपथ लिएका थिए। तर सत्ता टिकाउन संसद्को बहुमत जोगाउनेतिर प्रधानमन्त्रीको ध्यान जाँदा नागरिकको जीवनरक्षा र सेवा प्रवाहतिर सरकारको ध्यान गएको छैन ।

त्यसैको उदाहरण हो- नागरिकलाई सांकेतिक रुपमा चाडपर्व मनाउन प्रशासनले निर्देशन दिइरहँदा दलहरुको सभा तथा कायमै छ ।

प्रधानमन्त्री देउवा नेतृत्वको काँग्रेसलाई महाधिवेशनको चटारो छ भने अन्य दलहरु एमाले, माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) राष्ट्रिय सम्मेलनको तयारीमा जुटेका छन् ।

### मृतक....

बेलुका ४ देखि ७ सम्म सञ्चालन गर्न भने पाइने छैन । सार्वजनिक एवं निजी निर्माण कार्यका लागि ढुवानीका साधन बेलुका ९ बजेदेखि बिहान ५ बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ ।

सर्वसाधारण व्यक्ति, समूह तथा संस्थालगायत निकायबाट आर्थिक, सामाजिक एवं व्यावसायिक गतिविधि सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्णरुपमा पालना गर्नुपर्ने काठमाडौँ प्रशासनले जनाएको छ ।

स्वास्थ्य मापदण्ड र स्मार्ट लकडाउनका सबै प्रोटोकल पालना गरी भिडभाड नगरी सबै व्यवसाय सञ्चालन गर्न दिने निर्णय भएको यसअघिको आदेशलाई कायमै राखिएको छ ।

उपत्यकामा शैक्षिक संस्थाले भौतिकरुपमा पठनपाठन गर्न नपाउने भनिए पनि यदि गर्नै परेका खण्डमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहले जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) सँगको समन्वयमा सञ्चालनको निर्णय गर्नसक्ने आदेशमा उल्लेख छ । यसरी गर्दा सञ्चालनको विवरण र ढाँचा तयार पार्नुपर्नेछ ।

# सम्भव भए भौतिक उपस्थितिमा कक्षा सञ्चालन : त्रिवि



काठमाडौं/मस-त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले सम्भव भएसम्म शुक्रबारदेखि भौतिक उपस्थितिमा नै कक्षा सञ्चालन गर्न क्याम्पसलाई आग्रह गरेको छ।

त्रिवि कार्यकारी परिषद्को यही भदौ २७ गते बसेको बैठकले स्थानीय तहसँग समन्वय गरी जोखिम नियन्त्रणका लागि पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै भौतिक उपस्थिति गराई कक्षा सञ्चालनको व्यवस्था गर्न निर्देशन दिएको सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले बताए। कोरोना भाइरसको संक्रमण बढेसँगै गत वैशाख १६ गतेदेखिको बन्दाबन्दीले गर्दा त्रिविका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा भौतिक उपस्थितिमा पठनपाठन बन्द गरिएको थियो। बन्दाबन्दीमा त्रिविले भर्चअल विधिबाट कक्षा सञ्चालन गर्न आग्रह गरेको थियो । विद्यार्थीको प्रत्यक्ष कक्षा सञ्चालनको अनिवार्यतालाई विचार गरी त्रिविले भौतिक उपस्थिति गराई कक्षा सञ्चालनको व्यवस्था गर्न क्याम्पस/विभाग/स्कुललाई अनुरोध गरेको उनले बताए ।

साउदीमा रोजगार | कम्पनी : HADEEL HASSAN AL-JUBAIL CONT. EST.
शहर : KSA

पूर्व स्वीकृत मितिः २०७८/०१/०३ चलानी नं.: ६०१५७४५० LT. No.: 239277 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipes And Tubes Extension Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ८ गते (24 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

World View International Human Resources (Pvt.) Ltd.
Govt. Lic. No. 962/067/068
Sukedhara, Kathmandu, Nepal, Tel :+977-1-4650445, 4650446
Fax : +977-1-4650447, E-mail: worldview.internationalhr@gmail.com

साउदीमा रोजगारको अवसर | १. कम्पनी : FAWAL TAYBAT KHALUOFEH FOOD SERVICES
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३२१० L.T. No.: 245649

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOURE | 12 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AIN AL FAKHAMA LAUNDRY शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३२०९ L.T. No.: 245650

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ८ गते (24 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## सञ्चार विधेयक फिर्ता लिन प्रेस काउन्सिलको आग्रह



**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले गण्डकी प्रदेश सरकारले प्रदेशसभामा पेस गरी छलफल चलाएको 'आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' फिर्ता लिन आग्रह गरेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई विधेयकका कतिपय प्रावधानले धावा बोलेको भन्दै काउन्सिलले फिर्ता लिन आग्रह गरेको हो ।

काउन्सिलले बिहीबार विज्ञप्ति जारी गर्दै विधेयकका कतिपय प्रावधानले प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारमा हस्तक्षेप गरेको जनाएको छ । काउन्सिलको हालै बसेको बैठकले स्वतन्त्र पत्रकारिताको मूल मर्ममाथि प्रहार हुने गरी विधिशास्त्रीय मूल्य, मान्यता र सिद्धान्तको खिल्ली उडाउँदै विधेयक ल्याइएको काउन्सिलको निष्कर्षसमेत निकालेको थियो । विधेयकमा जसका विरुद्ध समाचार लेख्यो, उसैले पत्रकारलाई कारबाही गर्न सक्ने, सूचनाको हक खोस्नेजस्ता विवादास्पद प्रावधान राखिएका छन् । त्यसैगरी विधेयकमा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनमा भएका व्यवस्थाविपरीत दर्तामा कडा प्रावधान, आचारसंहिता उल्लंघन कारबाहीका नाममा कैद र जरिवाना तोक्ने, मुद्दाको सुरु कारबाही र किनारासम्मका विवादास्पद प्रावधान छन् ।

'संविधान र कानूनविपरीत यसरी ल्याइएको अन्य विधेयकका विषयमा यसअघि नै काउन्सिलले आफ्ना सुझाव र धारणा सार्वजनिक गरिसकेको छ । गण्डकी प्रदेशसभामा पेश भएको विधेयकले सञ्चार क्षेत्र र आमनागरिकको हकमा आघात पुऱ्याएकाले विवादास्पद उक्त विधेयक तत्काल फिर्ता लिन प्रेस काउन्सिल नेपाल आग्रह गर्दछ', विज्ञप्तिमा भनिएको छ । साथै काउन्सिलको बैठकले मिडियासम्बन्धी विधेयक प्रस्तुत भएका सबै प्रदेश सरकारलाई यसबारे लिखित सुझाव पेश गर्ने निर्णय गरेको छ ।

## अर्थमन्त्रीलाई मिर्गौला पीडित सरोकार समाजको धन्यवाद



**काठमाडौं/मस–** मिर्गौला पीडित सरोकार समाजले बजेटमा मिर्गौला पीडितलगायतलाई मासिक उपचार खर्चको व्यवस्था गरेको भन्दै अर्थमन्त्री जनार्दन शर्मालाई धन्यवाद दिएको छ ।

बिहीबार अर्थ मन्त्रालयमा पुगेर समाजका केन्द्रीय अध्यक्ष बलराम सुवेदीसहितको टोलीले धन्यवाद दिएको हो ।

अर्थमन्त्री शर्मालाई ९६ वर्षीया गंगादेवी पौडेल र समाजका अध्यक्ष सुवेदीले धन्यवाद पत्र प्रदान गरेकी हुन् । पौडेलकी ५९ वर्षीया छोरी मिर्गौला पीडित छिन् । उनको डायलासिस भइरहेको छ ।

'अघिल्ला सरकारबाट कटौती गरिएको भत्ता पुनः अर्थमन्त्री जनार्दन शर्माज्यूले दीर्घरोगी, मिर्गौला डायलासिस, मिर्गौला प्रत्यारोपी, क्यान्सर र स्पाइनल इन्ज्युरी भई पारालाइसिस रोगका बिरामीहरूलाई मासिक भत्ता ५ हजार दिने बजेटमा व्यवस्था गर्नुभएकाकेमा सम्पूर्ण दीर्घरोगीहरूको तर्फबाट एकमुस्ट बधाई, धन्यवाद तथा सफल कार्यकालको शुभकाना दिन चाहन्छौँ', धन्यवाद पत्रमा भनिएको छ । धन्यवाद पत्र ग्रहण गर्दै मन्त्री शर्माले सरकार मिर्गौला पीडितलगायतको साथमा सधैँ रहेको बताए । सरकारले डायलासिस गरिरहेका मिर्गौला पीडितलाई मासिक पाँच हजार उपचार खर्च दिने व्यवस्था गरेको स्पष्ट पार्दै मन्त्री शर्माले राज्य नागरिकको अभिभावकत्व ग्रहण गर्नबाट नचुक्ने आश्वासन दिएका छन् ।

'हामी छिट्टै निश्चित कार्यविधि बनाएर सम्पूर्ण बिरामीलाई रकम उपलब्ध गराउँछौं', मन्त्री शर्माले भने, 'प्रत्यारोपण (मिर्गौला) मात्र होइन, डायलासिस गरिरहेका सबैलाई सहयोग हुन्छ ।'

धन्यवाद पत्र ज्ञापन गर्ने क्रममा मिर्गौला पीडित सरोकार समाजले स्वास्थ्य बीमालाई १ लाखबाट २ लाख, दीर्घरोगीका सन्तानलाई विदेशमा उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेलगायतका मागसमेत राखेको थियो ।

अर्थमन्त्री शर्माले शुक्रबार संसदमा प्रतिस्थापन विधेयक प्रस्तुत गर्दै क्यान्सर, मिर्गौला पीडित, स्पाइनल कर्ड इन्ज्यूरीलगायतका रोगको उपचार गराइरहेका बिरामीलाई उपचार खर्चबापत मासिक पाँच हजार उपलब्ध गराउने बजेटमा व्यवस्था गरिएको बताए ।

## उपत्यका डायरी

दिपेन्द्र श्रेष्ठ,मध्यान्ह

## पुरातत्व विभागबाट निकास नदिइ सम्पन्न भयो स्वह्नाहिती



हि (रगत) ती (झोल) हिती (धारा) भनेपछि हामी मानव जीवनमा अत्यावश्यक बस्तु हो । त्यसबाट बग्ने पानी बिना हामी मानवहरु बाँच्न सक्दैनौं । त्यसैले सम्पदा संरक्षणका महाअभियानका संयोजक यादवलाल कायस्थले हितीलाई 'हि' को अर्थ 'हामी मानवहरुको रगत' र ती को अर्थ 'झोल' को रुपमा व्याख्या गरेका छन् । रगतसँग सम्बन्ध राख्ने झोल भएकोले संयोजक कायस्थ हिती नै भन्न रुचाउँछन् । काठमाडौं उपत्यका लगायतका सम्पदाहरु जोगाउने भन्दा बढी मास्ने कार्य भइरहेकोमा अभियन्ता संयोजक कायष्ठ लगायतका समूहहरु रुष्ट भएका छन् । यो १४ औं शताब्दिमा निर्मित दरबारमार्गबाट कमलपोखरी जाने ओरालोस्थित स्वह्ना हिती हो । यसलाई तीनधारा पनि भनिन्छ । यहि धाराको नामबाट तीनधारा पाठशाला निर्माण भएको हो ।

सम्पदा अभियानकै क्रममा घुम्दै जाँदा यो स्थानमा आइपुगेका उनी यस्तो असाधारण सम्पदा क्षतविक्षत अवस्थामा देख्दा उनको मन पनि क्षतविक्षत नै भए । यो हिती निर्माणमा यादवलाल लगायतको ठूलो योगदान छ । उनीहरुले घरबाटै कुटो, कोदालो, साबेल बोकेर गएर उत्खनन्मा जुटेका थिए । जति उत्खनन् गर्दै गयो । उती असाधारण पुरातात्विक सामानहरु भेट्दै गए । छिमेकीको कब्जामा रहेको सो हिती छिमेकीले फोहर फाल्ने ठाउँ बनाइरहँदा उनले यो हितीको अवस्था त्यस्तो देखेपछि वडा कार्यालय हुँदै पुरातत्व विभागसम्म पुगे । धेरै प्रक्रिया पश्चात अनन्त पुरातत्व विभागबाट २० लाख रुपैयाँ विनियोजन भएर एक तामाङ ठेकेदार लगाएर हितीको पुनर्निर्माणको जिम्मा लगाइयो । पुनर्निर्माण गरियो । धारा राखे तर पानी आउँदैन । एउटा धाराबाट पानी चुहिरहन्छ भने दुईवटा धारा सुख्खा छ । केहि फिट माथि कुवा छ । त्यहाँ निरन्तर पानी जमिरहन्छ तर त्यो पानी धारामा झारिएन । जस्तो हुनुपर्ने त्यस्तो नभएपछि पुरातत्व विभाग जस्तो संस्थाले लापरबाही गरेकोले सम्पदा महाअभियानमा जोडिएका कसैलाई पनि चित्त बुझेन । यादवलाल कायस्त १० लाखको पनि काम नभएको र बिल भरपाई गरी काम सकाएको बताउँछन् । सम्पदा बन्दा पुरातत्वको प्रावधान अनुसार गिट्टी, बालुवा, सिमेन्ट प्रयोग गर्न पाईदैन तर यहाँ प्रयोग भएको छ । त्यसैले यो पूर्ण नभएको उनी बताउँछन् ।

यो हितीको निकास दिइएको छैन निकास नदिइ हिती पुर्ण नहुने बताउँछन् कायष्ठ । निकास नदिँदा पानी जमेर विभिन्न रोग फैलन सक्ने र फोहर थुप्रिएर पुरिन गई हितीको अस्तित्व नामेद हुनसक्ने उनी बताउँछन् ।

सोहि हितीसँगै एउटा पुरानो फल्चामा ५० औं वर्ष पहिलेदेखि बस्दै आएका सन्त बहादुर खत्री पश्चात धादिङका फलप्रसाद तिमल्सिना बस्दै आएका र उनका अनुसार जिर्ण अवस्थामा रहेको वाणेश्वर महादेवको मन्दिर र सँगै स्वह्ना हिती रहेकोले पछिल्लो समय यादवलालको सक्रियतामा हिती पुनर्निर्माण भएपनि वाणेश्वर मन्दिर पुनर्निर्माण हुन सकेको छैन ।

पुरातत्वविद् श्यामसुन्दर राजबंशी प्रताप मल्लको पालामा वि.सं १७२६ मा रानीपोखरी निर्माण गरिएसँगै निर्माण भएका हिती भएको र यस्ता हितीहरु लगायतका सम्पदाहरु पुरातत्व विभागबाट संरक्षण हुनुपर्ने र पुरातात्विक सम्पदामा धारा, कुवा, पोखरी जस्तो सम्पदामा गिट्टी, बालुवा, सिमेन्ट प्रयोग नै नगर्ने भन्नेत हैन आवश्यत्ता अनुसार प्रयोगमा लिन सकिने बताउँछन् ।ण

## संस्कृतिविद् डा.केसीलाई सम्मान गरिने



भक्तपुरका संस्कृतिविद् तथा समाजसेवी डा.इन्दुल केसीलाई सम्मान गरिने भएको छ । केशव- सुष्मा भजन ज्ञान गुठीको कार्यकारी समितिको निर्णयले डा.केसीलाई सम्मान गर्न लागेको हो ।

भजन विद्यामा पुऱ्याएको उल्लेखनीय योगदानको कदर स्वरुप ज्ञान गुठीको कार्यकारी समितिको निर्णयले सम्मान प्रदान गर्ने भएको जनाइएको छ । आगामी असोज १६ गते शनिवार वरिष्ठ संस्कृतविद् सत्यमोहन जोशीको निवासस्थित भवनमा सम्मान कार्यक्रम हुने र सो ज्ञानगुठीको साधारणसभापनि त्यसैदिन हुने गुठीका अध्यक्ष एवं प्रमुख संरक्षक केशबराज राजभण्डारीले बताए ।

## सेवा निवृत शिक्षक समाजको अध्यक्षमा मानन्धर



सेवा निवृत शिक्षक समाज भक्तपुरको अध्यक्षमा अम्बिकामान मानन्धर चुनिएका छन् । समाजको दोश्रो साधारणसभाबाट मानन्धरको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा रामगोपाल कर्माचार्य, सचिवमा शेरबहादुर डाखुसी, कोषाध्यक्षमा विश्वराम कवां, सहसचिवमा पशुपतिमान थकू, सहकोषाध्यक्षमा सुन्दरमान शाक्य चुनिएका छन् । यस्तै सदस्यहरुमा निवर्तमान अध्यक्ष नाति कवां, धीर्जबहादुर कायष्ठ, विश्वनाथ प्रजापति, रामशरण खानिबञ्जार, चन्द्रकान्ता प्रजापति, सजीव था श्रेष्ठ, ज्ञानसागर प्रजापति चुनिएका छन् । साथै रत्नकेशरी कक्षपति, अमोकरत्न शाक्य, गंगा शर्मा, तुल्सीराम ग्वाछा र रामभक्त कोजू सदस्यमा चुनिएका छन् । एकजना सदस्य पछि थप्ने निर्णय भएको नवनिर्वाचित उपाध्यक्ष रामगोपाल कर्माचार्यले मध्यान्हलाई बताए ।

सेवा निवृत शिक्षक समाज शिक्षण पेशावाट सेवा निवृत भएका शिक्षकहरुको संगठन हो । 'हामी अझै सवल छौ' भन्ने नाराका साथ दुई वर्ष अगाडि यो संस्था खोलिएको थियो ।

## सुनसरी डायरी

तेजबहादुर बन/मध्यान्ह

## राष्ट्रिय जनगणना २०७८ : विवरण माग्दा सुपरिवेक्षकलाई गाली

माग भए जति दक्ष जनशक्ति नपाउँदा देशभर बुधबारदेखि शुरू भएको १२ औं राष्ट्रिय जनगणना अन्तर्गत पहिलो चरणमा हुँदै गरेको घर तथा घरपरिवार सूचीकरण कार्यक्रम सुनसरीमा प्रभावित बनेको छ ।पहिलो चरणको कार्यक्रम घर तथा घर परिवारको सूचीकरण गर्न सुनसरीमा बुधबारदेखि नै सुपरिवेक्षकहरू घर घर परिचालित भइसकेका छन् ।

राष्ट्रिय जनगणना २०७८ का लागि सुनसरीका तीन वटा पालिकामा १२२ जना सुपरिवेक्षकहरू खटाइएको छ । पालिका अन्तर्गत धरान उपमहानगरपालिकामा ४८ जना , इटहरीमा ४९ जना र बराहक्षेत्र नगरमा २५ जना गरी १२२ जना सुपरिवेक्षक परिचालन गरिएको राष्ट्रिय जनगणनाको कार्यालय इटहरीका सहायक जनगणना अधिकारी जनक काफ्लेले मध्यान्हलाई बताए ।

उनका अनुसार खटिएका सुपरिवेक्षकहरू तोकिएको पालिकाको जनसंख्याको तुलनामा निकै न्यून हुन् । उनीहरूले पहिलो चरणमा घर घर पुगेर घर तथा घर परिवारको सूचीकरण लिने र कार्यालयमा बुझाउने छन् । भदौ ३० गतेदेखि शुरू भएको पहिलो चरणको कार्यक्रम आगामी असोज १८ गतेसम्म चल्ने सहायक जनगणना अधिकारी काफ्लेले बताए ।

त्यस्तै पहिलो चरणको कार्यक्रम सकिएलगत्तै पुनः दोस्रो चरणमा गणकहरू नियुक्ति गरी तोकिएको स्थानमा पठाउने र घर परिवारको तथ्यांक लिने बताइएको छ । यो कार्यक्रम कात्तिक २५ गतेदेखि मसिर ९ गतेसम्म रहने छ ।

राष्ट्रिय जनगणना २०७८ लाई सफल बनाउन केन्द्रीय तथ्यांक विभागले सुनसरीको दुई शहरमा जनगणनाको कार्यालय स्थापना गरी काम शुरू गरेको छ । सुनसरीको इटहरी र इनरूवामा कार्यालय स्थापना गरी पहिलो चरणको कार्यक्रम शुरू गरिसकेको सहायक जनगणना अधिकारी काफ्लेले जानकारी दिए ।

जस अनुसार इटहरी उपमहानगरको २० वटा वडामा ४९ जना सुपरिवेक्षक खटाइएको छ भने बराहक्षेत्रको ११ वडामा २५ जना र धरान उपमहानगरमा ४८ जना सुपरिवेक्षकहरू खटाइएको छ । यो वर्ष इटहरीमा करिब ३६ हजार २१७, धरानमा ३८ हजार ८९३ र बराहक्षेत्रमा २० हजार ३४३ घर तथा घरपरिवार सूचीकरण हुने अनुमान छ ।

**के के छन् चुनौती ?**

१२ औं राष्ट्रिय जनगणना कार्यक्रम २०७८ सफल पार्न विभागले मातहतका कार्यालयहरूमा पत्राचार गरे पनि समयमै काम सम्पन्न हुनेमा आशंका देखिएको छ ।बुधबारदेखि शुरू भएको पहिलो चरणको कार्यक्रममा चुनातीहरू थपिएका छन् । कम जनशक्तिले तोकिएको मितिभित्र निश्चित क्षेत्रमा रहेका घर तथा घर परिवारको सूचीकरण गरिसक्ने या नसक्ने केही भन्न सक्ने अवस्था नरहेको पाइएको छ । त्यस्तै शहरमा जनगणना शुरू भएको रेडियो तथा विभिन्न सञ्चारमाध्यमहरूबाट जानकारी भएपनि भित्रि गाउँहरूमा सूचना प्रवाह हुन नसक्दा धेरे जसो जनगणनाबारे अनभिज्ञ देखिएका छन् ।

स्थानीय मात्र नभई सुनसरीका जनप्रतिनिधिहरू पनि जनगणनाबारे अनभिज्ञ रहेको बताउँदै आएका छन् । इटहरी उपमहानगर ४ का वडाध्यक्ष चन्द्रप्रशाद भट्टराई जनगणना शुरू भएकोबारे जानकार नभएको बताउँछन् । त्यस्तै इटहरी वडा नं ९ का वडाध्यक्ष भुपेन्द्र बरालले पनि आफ्ने वडाबाट जनगणना शुरू भएपनि आफैंलाई केही जानकारी नभएको बताए । जनप्रतिनिधि तथा स्थानीय सरकारसँग समन्वय नै नगरी जनगणनाको काम गर्दा समयम सम्पन्न नहुने हो कि भन्ने आशंका उब्जिएको छ ।

**सुपरिवेक्षकको आफ्नै गुनासो**

यसैगरी सुनसरीको तीन पालिकामा खटिएका १२२ जना सुपरिवेक्षकहरू मध्ये धेरे जसोले घर घर पुगेर घर तथा घर परिवारको सूचीकरण गर्न समस्या भइरहेको बताएका छन् । इटहरीमा एउट घरमा तीन पटकसम्म जाँदा पनि सही विवरण दिन नमान्ने, कोरोना त्रास छ अहिले नआउ भनेर पठाउने, ढोकै नखोल्ने, खोलिहाले हामी केही भन्दैनौं भनेर बाहिरिने जस्ता समस्या देखिएको सुपरिवेक्षकहरूले बताएका छन् । उनीहरूले सिंगो वडामा एक्लै कुद्नुपर्ने र खटिएको ठाउँबाट सहायता नपाउने गरेको गुनासो राख्ने गरेका छन् ।

## इटहरीका मेयरले सेवाग्राहीलाई अभद्र व्यवहार गरेको भन्दै आन्दोलनको चेतावनी



इटहरी उपमहानगरपालिकामा बुधबार सेवा सिफारिस लिन आएका दुई जना महिलाहरूलाई नगरप्रमुख द्वारिकलाल चौधरीले अभद्र व्यवहार गरेको भन्दै विभिन्न महिला अधिकारकर्मीहरूले घोर भत्सना गरेका छन् ।

मेयरको कार्यशैली प्रति इटहरीमा रहेका एक दर्जन बढी महिला अधिकारकर्मीहरुले सामुहिक विज्ञप्ति जारी गर्दै घोर भत्सना गरेका हुन् ।

बिहीबार एक विज्ञप्ति जारी गर्दै महिला अधिकारकर्मीहरुले उपमहानगरमा सेवा लिन आएका इटहरी ४ निवासी सिता शेर्पा राई र सर्मिला भट्टराई माथि नगर प्रमुख चाधरीले अपशब्द प्रयोग गर्दै कार्यालयबाट निकालेको प्रति घोर भत्सना गरेका छन् । अधिकारकर्मीहरूले इटहरीका मेयर चौधरी नसच्चिए र पीडितहरू समक्ष माफि नमागे चरणबद्ध आन्दोलनमा उत्रने चेतावनी समेत दिएका छन् । बुधबार दिउँसो साढे ३ बजे सेवा सिफारिस लिएर तोक लगाउन कार्यकक्ष पुगेका दुई महिलाहरूलाई मेयर चाधरीले अपशब्द प्रयोग गर्दै कार्यालय परिषरबाट निकालेको विज्ञप्तिमा उल्लेख बछ ।

स्थानीय सरकार प्रमुख जस्तो गरिमामय पदमा रहेका व्यक्तिबाटै महिलाहरू असुरक्षित बनेको भन्दै विभिन्न महिला अधिकारकर्मीहरूको समुहले पीडित दुई महिलाहरूको सुरक्षाको प्रत्याभूति दिलाउन र मेयर चाधरीलाई कारबाहीको माग गरेका छन् । उनीहरूले विज्ञिप्ति मार्फत मेयर चोधरीलाई अझ पनि सच्चिन आग्रह गरेका छन् । यता यस विषयमा इटहरीका मेयर चौधरीसँग मध्यान्हले सम्पर्क गर्दा यस विषयमा केहि नबोल्ने प्रतिक्रिया दिए ।

## उपत्यकामा यसअघि जारी निषेधाज्ञा कायमै

**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा यसअघि (भदौ १७ मा) जारी निषेधाज्ञालाई असोज १ पछि पनि कायमै राखिएको छ ।

उपत्यकाका तीनै जिल्ला प्रशासन कार्यालयका अधिकारीको समन्वय र सहमतिमा अर्को सूचना जारी नभएसम्मका उक्त आदेश कायमै रहने गरी निषेधाज्ञा जारी गरिएको काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरेले जानकारी दिनुभयो ।

स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरी आर्थिक गतिविधिलगायत क्रियाकलाप सञ्चालन गर्न सक्नेगरी यसअघि नै आदेश जारी गरिएको थियो । आदेशमा अनावश्यकरुपमा मानिस जम्मा हुन, भिडभाड गर्न, सभा, जुलुस गर्न, जात्रा महोत्सव तथा भोज आदि गर्न/गराउन नपाउने उल्लेख छ । आदेशानुसार स्थानीय ढुवानी बिहान ९ देखि ११ र बेलुका ४ देखि ७ सम्म सञ्चालन गर्न भने पाइने छैन । सार्वजनिक एवं निजी निर्माण कार्यका लागि ढुवानीका साधन बेलुका ९ बजेदेखि बिहान ५ बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ ।

सर्वसाधारण व्यक्ति, समूह तथा संस्थालगायत निकायबाट आर्थिक, सामाजिक एवं व्यावसायिक गतिविधि सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्णरुपमा पालना गर्नंपर्ने काठमाडौं प्रशासनले जनाएको छ ।

स्वास्थ्य मापदण्ड र स्मार्ट लकडाउनका सबै प्रोटोकल पालना गरी भिडभाड नगरी सबै व्यवसाय सञ्चालन गर्न दिने निर्णय भएको यसअघिको आदेशलाई कायमै राखिएको छ ।

उपत्यकामा शैक्षिक संस्थाले भौतिकरुपमा पठनपाठन गर्न नपाउने भनिए पनि यदि गर्नै परेका खण्डमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) सँगको समन्वयमा सञ्चालनको निर्णय गर्नसक्ने आदेशमा उल्लेख छ । यसरी गर्दा सञ्चालनको विवरण र ढाँचा तयार पार्नंपर्नेछ ।

यस अवधिमा पर्ने चाडपर्वसमेत स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी न्यूनतम सहभागितामा सांकेतिकरुपमा मात्र मनाउन भनिएको छ । आदेशको नियमित अनुगमन हुने र मापदण्ड पालना नगरेको पाइएमा कारवाही गरिने चेतावनीसमेत दिइएको छ ।

**१५११ संक्रमित थपिए**

बिहीबार एकैदिन एक हजार ५११ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार १५ हजार १७९ जनामा परीक्षण गरिएकामा सो संख्यामा संक्रमण पुष्टि भएको हो । नेपालमा संक्रमणको दर १९.२ प्रतिशत पुगेको छ । यस्तै सक्रिय संक्रमित २५ हजार ७७२ जना रहेका छन् । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला १० र २०० भन्दा बढी संक्रमित हुने जिल्ला २२ पुगेका छन् । एक हजार ६८९ संक्रमणमुक्त भएका छन् । अहिलेसम्म सात लाख ४५ हजार २१५ कोरोनामुक्त भएका हुन् । नेपालमा संक्रमणमुक्त हुने दर ९५.३ प्रतिशत रहेको छ ।

यस्तै संक्रमणबाट विगत २४ घण्टामा ११ जनाको ज्यान गएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार दुई जनाको निधन भएको छ । नेपालमा प्रतिदश लाखमा ३७०.८ जनाको संक्रमणका कारणले निधन हुने गरेको छ ।

हाल ४०७ सघन उपचार कक्ष, १२८ भेन्टिलेटर, २४ हजार २२२ होम आइसोलेसन, एक हजार ५५० संस्थागत आइसोलेसन र २२० जना क्वारेन्टिनमा रहेका छन् । आज एक लाख १० हजार ८९९ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । पहिलो मात्रा ६० लाख ५७ हजार १९४ जना र पूर्ण मात्रा ५४ लाख ७३ हजार १५१ जनाले लगाएका छन् ।

## सम्पादकीय

# हतार नगरौं

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार, नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एघार हजार नाघेको छ । बिहीबार थप एघार जनाको मृत्यु भएपछि संक्रमणबाट ज्यान गुमाउनेको संख्या एक हजार दुई जना पुगेको छ । मन्त्रालयको रिपोर्टअनुसार, बिहीबार थप एक हजार १६५ जनामा संक्रमण पुष्टि भएको छ । यो सँगै संक्रमित हुने संख्या सात लाख ८१ हजार ९८९ पुगेको छ । निको हुने संख्या भने सात लाख ४५ हजार २१५ पुगेको छ । अझै पनि २५ हजार बढी संक्रमित उपचारका क्रममा छन् । बिहीबार एक हजार ६८९ जना निको भए । अर्थात् कोरोना संक्रमणबाट अहिले पनि मानवीय क्षति रोकिएको छैन, घटेको चाहिँ हो ।

काठमाडौं जिल्ला प्रशासनले सांकेतिक रूपमा चाडपर्व मनाउन आग्रह गर्नुले पनि कोरोना संक्रमणको खतरा अझै बाँकी रहेको देखाउँछ । सरकारले कोरोना संक्रमणको मूल्याङ्कनको आधारमा निषेधाज्ञा वा कर्फ्यू लगाउने देखि गतिविधि खुकुलो बनाउने अधिकार स्थानीय प्रशासनलाई दिएको छ । त्यही अधिकार अनुसार स्थानीय प्रशासनले पहिलो र दोस्रो लहरको संक्रमणमा निषेधाज्ञा लगाउने देखि फेरि गतिविधि सामान्य बनाउनेसम्मको निर्णय लिएको छ । बिहीबार काठमाडौं प्रशासनले आदेश जारी गर्दै सांकेतिक रूपमा चाडपर्व मनाउन निर्देशन दिएको छ । घरबाट बाहिर निस्कने, जम्मा हुने, भीडभाड गर्ने, सभा जुलुस गर्ने, जात्रा महोत्सव, भोज आदी नगर्न समेत प्रशासनले निर्देशन दिएको छ ।

दशैं, तिहार, छठ जस्ता ठूलो पर्व नजिकिदै गर्दा प्रशासनको यो निर्देशन महत्वपूर्ण छ । किनकि कोरोना संक्रमणको अवस्थाबारे माथि उल्लेख गरिसकियो । अहिले कोरोना संक्रमणको असर घटेको छ, तर सकिएको छैन । अघिल्लो वर्ष पनि यो बेला संक्रमण केही घटेको थियो, तर पछि फेरि अर्को लहरको महामारी आयो । पहिलो चरणमा भन्दा दोस्रो चरणमा धेरै नागरिक संक्रमित भए । मृतक संख्या त तीन गुणा बढी भयो । अघिल्लो वर्षको संक्रमणबाट तीन हजार हाराहारीमा नागरिकले संक्रमणबाट ज्यान गुमाएका थिए । तर दोस्रो लहरमा मृतक संख्या एघार हजार पुगेको छ । त्यसैले चाडपर्व मनाउने हतारोमा लाग्नुभन्दा पनि उच्च सतर्कता अपनाउदै जीवनरक्षा गर्न जरूरी छ । सरकारले पनि सोही अनुसार निर्णय लिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



केही दिन अघि नेपाली बैंकहरूमा ४ खर्बको अधिक तरलता भएकोले त्यही प्रयोग गरेर एमसीसीले बनाउने भनेको प्रशारण लाइन बनाउनुपर्छ भन्दै थिए सडके राष्ट्रवादी । आज आइपुग्दा त्यो तरलता फतिमाले लगिछन कि ? तरलता त ठोसता भैसकेछ । पुँजी र कर्जा बजारमा रूवावासी सुरू भैसक्यो । अब राजस्वमा नि असर होला ।

**- अरूण कुमार सुवेदी**



झम झम झरी पर्ने मौषममा पनि दोलखालगायत हिमाली भेगमा आलु फल्छ । हिउँदमा त पुरै तराइमा पनि आलु फल्छ । तर अहिले नेपालको बजारमा हल्याण्डको आयातित आलुको प्रभुत्व छ । हामी सबैले यो कुरा बुझ्न जरूरी छ कि जग्गा बाझो राखेर नेपाल कृषिमा आत्मनिर्भर हुन सक्दैन । जाबो आलु पनि आयात गर्ने ?

**- नवराज पन्त**



दक्षिणी होस् वा उत्तरी छिमेकी नेपाललाई सताएर कायल पारे । दक्षिणी मिचाहा खुलेआम मनपर्दो गर्ने । उत्तरी घुसघुसे नबोली बिताउने । उत्तरी सीमानाका २ बर्षदेखि अनियमित, आयात निर्यातमा अबरोध । विद्यार्थीसँग फि असुल्यो अहिले ईन्टर्नसिप गर्नसमेत जान दिदैन। सरकार लम्पसार, चुइंक्क बोल्दैन ।

**- कृष्ण घिमिरे**



विदेशी भूमिमा नै रगत पसिना बगाउन पठाउने दिनहरूका अन्त्य नगर्ने हो भने पनि कमसेकम शिक्षा उज्यालो ज्योति नागरिकमा पुऱ्याउने कार्य गरियोस् सरकार । ताकि आफ्नो भनाइ राख्नदेखि आवश्यक कागजातको प्रबन्ध आफैँले मिलाएर घर हुँदै यात्रादेखि कार्यस्थलसम्मको वातावरण सहज गर्न सक्नेछन् ।

**- चन्द्र श्रेष्ठ**



हामी नेपाली यति सोझा छौं कि मन्त्रिमण्डलले पूर्णँता पाउने बित्तिकै हाम्रो देश स्वर्णँ युगमै प्रवेश गर्ने जस्तो । थाहा छ, यिनिहरूले गर्ने भनेकै मन्त्रालयमा सरूवा बढुवा त्यो पनि करोडौ करोड घुस खाएर । ठूल-ठूला संस्थानमा महाप्रबन्धक नियुक्तिमा घुस खाएर । राजदूत नियुक्तिमा घुस खाएर । यति गर्ने हो ।

**- पुरूषोत्तम ढुंगेल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# सनातन धर्मको अपमान !

देउवालाई ज्यौतिषवाणी र ओलीलाई राम, पशुपति डुब्दोलाई तिनका सहारा नीति फलिफाप हुने वर्तमान अवस्थामा नेपालको शासकीय नेतृत्व मानसिकतालाई के भन्ने ? धर्मनिरपेक्ष वा धर्मसापेक्ष राज्य के रुपमा पहिचान दिने अन्यौलता बन्दै गएको अवस्था हाम्रो छ ।



● ईश्वरीप्रसाद पोखरेल

